जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९
स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३३ अंक ६२ २०८० साल असोज १३ गते शनिबार (30 Sep. 2023 Saturday) मूल्य रु. ५/-

चाडपर्वको संरक्षण र सम्बर्द्धन गरौं।
चाडपर्वमा फजुल खर्च नगरौं

हाम्रा साँस्कृतिक पर्वहरुको जगेर्ना गरौं।
मद्यपान र जुवातासजस्ता विकृतिको अन्त्य गरौं।

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : युवा अवस्थामा नै मुटुको.. ३ पृष्ठमा : स्वीट्जरल्याण्डसहित तीन... ३ पृष्ठमा : अमेरिका जान इजरायलीले ...

# शम्भुनाथका मेयर र इन्जिनियर दोषि ठहर, जनही ६/६ महिना कैद र जरिवाना



विशेष अदालतबाट भ्रष्टाचार मुद्दामा दोषि ठहर भएका शम्भुनाथका मेयर जितेन्द्रप्रसाद गुप्ता। *तस्बिर : राजविराज दैनिक*

**दैनिक समाचारदाता**
**राजविराज, १२ असोज।**

विशेष अदालतले सप्तरीको शम्भुनाथ नगरपालिकाका नगर प्रमुख जितेन्द्रप्रसाद गुप्ता र इन्जिनियर रामचन्द्र साहलाई भ्रष्टाचार मुद्दामा दोषि ठहर गरेको छ।

विशेष अदालतका न्यायाधीश यमुना भट्टराई, बलभद्र बास्तोला र डा. खुशी प्रसाद थारूको संयुक्त इजलासले दुबैलाई दोषी ठहर गरेको हो।

विशेष अदालतको शुक्रबारको इजलाशले नगर प्रमुख गुप्ता र इनिजिनियर साहलाई भ्रष्टाचार मुद्दामा दोषि ठहर गर्दै जनही ६/६ महिना कैद र ७० हजार जरिवानाको फैसला गरेको छ।

दोषी ठहर गर्दै दुबैलाई जनही ६/६ महिना कैद र ७० हजार जरिवाना तोकिएको विशेष अदालतका प्रवक्ता धनबहादुर कार्कीले जानकारी दिए।

अख्तियारको इटहरीस्थित कार्यालयबाट खटिएको टोलीले गत माघ ३ गते इन्जिनियर साहलाई एक विद्यालयको निर्माण कार्य सम्पन्न पश्चात् एक लाख ४० हजार रुपैयाँ घुस लिएको अवस्थामा पक्राउ गरेको थियो।

इन्जिनियर साहलाई नियन्त्रणमा लिएर अनुसन्धान थालेको अख्तियारले नगर प्रमुख गुप्ताको पनि संलग्नता पाएपछि उनी समेतलाई विपक्षी बनाई विशेष अदालतमा आरोपपत्र दायर गरेका थिए। दुवै जनालाई बिगो एक लाख ४० हजार कायम गरी विशेष अदालतमा आरोपपत्र दायर गरिएको थियो।

इन्जिनियर साहको बयान र मेयर गुप्ताको घुस माग गरेको अडियो फेला परेपछि गुप्ता पनि पक्राउ परेका थिए।

# आगलागीले एकै व्यक्तिको चार घर नष्ट



**दैनिक समाचारदाता**
**राजविराज, १२ असोज।**

लामखुट्टे धपाउन बालिएको घुर सल्केर आगलागी हुदाँ सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिकाका एकै व्यक्तीको चार घर जलेर नष्ट भएको छ।

विहीवार मध्यराती भएको आगलागीले हनुमाननगर कंकालिनी नगरपालिका वडा नं ५ जोगिनिया निवासी रोहीत रामको चारवटा घर जलेर खरानी भएको हो।

मध्यराती १ बजेतीर गाई गुहालीबाट सल्केको आगो फैलिएर रामको चार वटा घर खरानी भई झण्डै ७ लाख बराबरको क्षती भएको प्रहरीको प्रारम्भीक अनुमान छ।

फुसको संरचना भएको घरमा विद्युतिय गतीमा आगो फैलिएपछि तत्काल नियन्त्रणको उपाय गर्न नसक्दा भाडाकुडा, खाद्यन्न, फनिचर, लताकपडा तथा २ वटा साइकल समेत जलेर खरानी भएको अग्नीपीडित रामले बताए।

हनुमाननगर कंकालिनी नगरपालिकाको बारुणयन्त्र, स्थानीयवासी तथा प्रहरीको एक घण्टाको प्रयास पश्चात आगोमाथी नियन्त्रण कायम गरिएको प्रहरीले जनाएको छ।

आगलागीले घर र सबै सम्पती जलेर नस्ट हुदाँ राम परिवारको विचल्ली भएको छ। सानो गल्तीले ठूलो क्षति भएको भन्दै प्रहरीले जथाभावी आगो नबाल्न तथा आवश्यक सावधानी अपनाउन सबैसँग अनुरोध गरेको छ।

# छिन्नमस्ता सखडा शक्तिपीठमा सन्ध्याकालिन आरती शुभारम्भ





**दैनिक समाचारदाता**
**राजविराज, १२ असोज।**

नेपालकै प्रसिद्ध छिन्नमस्ता सखडा शक्तिपीठमा शुक्रबार साँझदेखी सन्ध्याकालिन गंगा आरती शुभारम्भ भएको छ।

छिन्नमस्ता गाउँपालिकास्थित शक्तिपीठका पीठाधिश महाकान्त ठाकुरले भारतको बनारस र कुशेश्वरबाट ५ जना आरती सम्बन्धी विशेष तालिम प्राप्त गरेकाहरुबाट विधिवत पूजापाठ गरि शुभारम्भ भएको बताउँदै आरती दैनिक रुपमा हुने जानकारी समेत दिए।

केही दिन मन्दिरको मूलगेट अगाडि आरती शुरू हुनेछि पाखेरीको दक्षिणपट्टी बनाइएको आरती स्थलमा हुने उनको भनाई छ।

अन्य ठाउँभन्दा विशेष तरिकाले आरती शुरू भएको बताउँदै उनले प्रत्येक दिन उक्त आरतीमा सहभागी हुन सबैसँग अनुरोध समेत गरे।

## चाय चर्चा प्रा.लि.

राजविराज, सप्तरी

**कर्मचारी आवश्यकता**

**पहिलो पटक प्रकाशित सूचना मितिः २०८०/०६/११ गते**

यस चायचर्चा प्रा.लि. मा तपसिल बमोजिमको कर्मचारी आवश्यकता भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र तोकिएको कागजातसहित दरखास्त दिनहुन यो सूचना प्रकाशित गरिएको छ।

| क.सं. | विज्ञापन नं. | पद | माग संख्या |
|---|---|---|---|
| १ | १/२०८०/०८१ | बिक्रि व्यवस्थापक | १ (एक) जना |
| २ | २/२०८०/०८१ | भान्से | १ (एक) जना |

**आवश्यक न्यूनतम योग्यता:**
१.विज्ञापन नं. १/२०८०/८१ को लागि कक्षा १२ उत्तीर्ण गरेको हुनुपर्ने।
२.विज्ञापन नं. २/२०८०/८१ को लागि कक्षा १० उत्तीर्ण गरेको हुनुपर्ने वा सामान्य लेखपढ गर्न सक्ने तथा चिया, खाजा र खाना बनाउन सक्ने हुनुपर्ने।
३.दुवै पदका लागि योग्यता पुगेको व्यक्तिलाई ग्राह्यता दिइनेछ।

**परीक्षाको किसिम :** मौखिक ।
**तलब स्केल:** संस्थाको नियमानुसार ।
**संलग्न गर्नुपर्ने कागजातहरू:**
१.पासपोर्ट साइजको फोटो र नेपाली नागरिकताको छाँया प्रति
२.शैक्षिक योग्यताको प्रमाणपत्रहरूको छाँया प्रति
३.बायोडाटा

विज्ञापन सम्बन्धी थप जानकारीको लिनको लागि +९७७-९८६०-३९९-३९९ मा सम्पर्क गर्नुहोला। कर्मचारी भर्ना सम्बन्धी अन्तिम निर्णय संस्थामा निहित हुनेछ।

**नागरिकको कर्तव्य पूरा गरौं, भ्रष्टाचार र अनियमितता बिरुद्धमा उजुरी गरौं।**

- घुस लिने र दिने दुवै अपराधी हुन्।
- सार्वजनिक सम्पत्ति साझा सम्पत्ति भएकोले दुरुपयोग हुन नदिऔं।
- सदाचारीलाई सम्मान र पुरस्कृत गरौं, भ्रष्टाचारीलाई दण्ड र तिरस्कार गरौं।

**तसर्थ:**
- भ्रष्टाचार वा अनियमितता भएको वा हुन लागेको थाहा भएमा राष्ट्रिय सतर्कता केन्द्र, अख्तियार दुरुपयोग अनुसन्धान आयोग तथा सम्बन्धित निकायमा उजुरी दिऔं।
- विकास निर्माणका आयोजनाहरूमा प्राविधिक परीक्षण गराऔं।
- सार्वजनिक खरिद ऐन र नियमावली पालना गरी आयोजना सम्पन्न गराऔं।
- सुशासन र सदाचार पद्धति कायम राख्ने कार्यमा सहयोग गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# सार्वजनिक र पशु स्वास्थ्यसम्बन्धी छलफलमा नेपाल र भारतका विज्ञ

काठमाडौं, १२ असोज (रासस)।

पशुबाट मानव तथा मानवबाट पशुमा सर्ने विभिन्न रोगका सम्बन्धमा भइरहेको अनुसन्धान र नियन्त्रणका लागि चाल्नुपर्ने कदमका बारेमा नेपाल र भारतका भेटेरिनरी पब्लिक हेल्थ क्षेत्रका विज्ञले छलफल थालेका छन्। नेपाल र भारतका भेटेरिनरी पब्लिक हेल्थ एशोसियसयको संयुक्त आयोजनामा शुक्रबारदेखि राजधानीमा पहिलो अन्तर्राष्ट्रिय सम्मेलनको आयोजना गरिएको छ।

सम्मेलनमा खाद्य सुरक्षा, सार्वजनिक स्वास्थ्य, पशुस्वाथ्यलगायत क्षेत्रमा भइरहेका अनुसन्धान, त्यसले ल्याएको नतिजा, आगामी दिनमा चाल्नुपर्ने कदमलगायत विषयमा छलफल हुने भेटेरिनरी पब्लिक हेल्थ एशोसियसन नेपालका अध्यक्ष डा मुकुल उपाध्यायले जानकारी दिनुभयो। उहाँका अनुसार दुई दिनसम्म चल्ने सम्मेलनमा नेपाल र भारतका करिब एक सय ५० विज्ञको सहभागिता छ। सम्मेलनका क्रममा ५० भन्दाबढी कार्यपत्र प्रस्तुत हुनेछ।

छलफलको निष्कर्ष नेपाल र भारतका सरकारलाई बुझाउने डा उपाध्यायाको भनाइ छ। राष्ट्रिय भेटेरिनरी सेवालाई सवलीकरण गर्ने उद्देश्यले सम्मेलन आयोजना गरिएको उहाँले बताउनुभयो। "धेरै रोग पशुबाट मानवमा र मानवबाट पशुमा सर्ने पाइएको छ। यसलाई नियन्त्रण गर्न एक देशले मात्रै नसक्ने भएकाले क्षेत्रीय प्रयासको खाँचो आवश्यक छ", उहाँले भन्नुभयो, "त्यसका लागि नेपाल र भारतका भेटेरिनरी पब्लिक हेल्थ क्षेत्रसँग सम्बन्धित विज्ञको सम्मेलन आयोजना गरिएको हो।"

सम्मेलनका क्रममा दक्षिण एसिया क्षेत्रमा पशुबाट मानवमा सर्ने रोग, त्यसको नियन्त्रण तथा त्यस्ता रोगका सम्बन्धमा भएका अनुसन्धानलगायत विषयमा छलफल हुनेछ। सम्मेलनमा भारतका विभिन्न विश्वविद्यालयका प्राध्यापक, डिन, उपकुलपतिलगायतको सहभागिता रहेको छ।

सम्मेलनको उद्घाटन गर्दै उपप्रधान तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठले पशु चिकित्सकको ज्ञान र सीपलाई सार्वजनिक स्वास्थ्य र खाद्यसुरक्षालगायत क्षेत्रमा केन्द्रित गर्नुपर्ने बताउनुभयो। जुनेटिक ( जनावरबाट मानिसमा र मानिसबाट जनावरमा सजिलैसँग सर्न सक्ने रोग) र अन्य सङ्क्रामक रोगको नियन्त्रण तथा खाद्य सुरक्षामा जनस्वास्थ्य र पशुचिकित्सा क्षेत्रको महत्वपूर्ण भूमिका रहेको उल्लेख गर्दै उहाँले जनस्वास्थ्य क्षेत्रलाई सबल बनाउन सरकार गम्भीर रहेको बताउनुभयो।

सो अवसरमा उपप्रधानमन्त्री श्रेष्ठले भेटेरिनरी क्षेत्रको अध्ययन अनुसन्धानमा सक्रिय व्यक्तित्वलाई सम्मान गर्नुभएको थियो।

# युवा अवस्थामा नै मुटुको समस्या

काठमाडौं, १२ असोज (रासस)।

शुक्रबार नेपालसहित विश्वभर नै 'विश्व मुटु दिवस' मनाइँदै छ। 'मुटुबारे जानौँ र मुटु बचाऔँ' भन्ने मूल नाराका साथ दिवस बनाउन थालिएको हो।

दिवसका अवसरमा सहिद गङ्गलाल राष्ट्रिय हृदयरोग केन्द्रले शुक्रबार बेलुका मुटुसम्बन्धी जनचेतना जगाउन उपराष्ट्रपति रामसहायप्रसाद यादवको प्रमुख आतिथ्यमा कार्यक्रमको आयोजना गरेको छ।

अहिले युवावस्थामा नै मुटुमा समस्या हुँदा धेरै मानिसलाई हृदयघात हुने गरेको छ। युवावस्थामा नै निष्क्रिय जीवनशैली, चुरोट, सुर्ती तथा खैनीको अत्यधिक सेवन, मोटोपनाका कारणले हृदयघातको समस्या बढिरहेको सहिद गङ्गालाल राष्ट्रिय हृदय केन्द्रका निर्देशक डा चन्द्रमणि अधिकारीले बताउनुभयो।

उहाँका अनुसार हृदयघात हुनेमध्ये १२ प्रतिशत बिरामी ४५ वर्षमुनिका युवा रहेका छन्। "युवाहरूमा बढ्दै गएको चुरोट तथा सुर्ती सेवनले हृदयघातको समस्या बढ्दै गएको छ", उहाँले भन्नुभयो, "खासगरी ४५ वर्षमुनिका १२ प्रतिशत युवामा हृदयघात हुनुका मुख्य कारण चुरोट र सुर्ती सेवन देखिएको छ।"

डा अधिकारीका अनुसार चुरोट र सुर्तीबाहेक युवामा बढ्दै गएको अस्वस्थ्य खानपान, मोटोपना, निष्क्रिय जीवनशैली, तनावलगायत पनि कम उमेरमै हृदयघात हुने गरेको छ। हृदयघात वङ्शाणुगतका कारण पनि हुने गरेको उहाँको भनाइ थियो। पैतालीस वर्ष कटेपछि वर्षमा एकपटक मुटुको नियमित जाँच गराउनुपर्ने चिकित्सकहरू बताउँछन्।

खासगरी पुरुष ५५ र महिला ६५ वर्ष नाघेपछि उच्च रक्तचाप, मधुमेह, कोलेस्ट्रोल, मोटोपना, हर्मोन, चिल्लो खानापन, तनावलगायत कारणले हृदयघात हुने गरेको केन्द्रका कार्यकारी निर्देशक डा अधिकारीले बताउनुभयो। नियमित व्यायाम गर्नेमा भन्दा व्यायाम नगर्नेमा हृदयघातको जोखिम बढी हुने उहाँले उल्लेख गर्नुभयो।

"बिरामीको छाती भारी जस्तो हुने, छातीमा ढुङ्गा राखेको जस्तो लाग्ने, अलिकति हिँड्यो भने दुःखाइ बढ्दै जाने हुन्छ। आराम गर्‍यो भने कम हुन्छ। यस्तो हुदाँ नशा साँघुरो भएर मुटुलाई रगत पुगेको हुँदैन ", डा अधिकारीले भन्नुभयो, "हृदयघात हुने बेला रगत मुटुमा जान पाउँदैन। हृदयघात भनेको मुटुमा रक्तसञ्चार नहुनु हो। त्यतिबेला दुःखाइ निरन्तर भइरहन्छ र आराम गर्दा पनि कम हुँदैन र हृदयघात हुन्छ।"

उहाँका अनुसार विगत १० वर्षको तथ्याङ्क अनुसार मुटुरोगका बिरामीमध्ये ५० प्रतिशत हृदयघात भएका बिरामी छन्। मुटुसम्बन्धी रोग विश्वव्यापीरूपमा मृत्युको प्रमुख कारण बन्दै गइरहेको डा अधिकारीले बताउनुभयो। हृदयघातका कारण करिब १६ प्रतिशत बिरामीको मृत्यु हुने गरेको भन्दै उहाँले मुटुसम्बन्धी रोगबाट बच्न स्वस्थ जीवनशैली अपनाउन सुझाव दिनुभयो।

**मुटुरोगबाट बच्ने उपाय**

स्वस्थ खानेकुरा खाने, शरीरको तौल नियन्त्रणमा राख्ने, कोलेस्ट्रोल र रक्तचाप नियन्त्रणमा राख्ने, शारीरिक व्यायाम गर्ने, धुमपान र मद्यपान नगर्ने, मानसिक तनाव व्यवस्थापन गर्ने रहेका सहिद गङ्गालाल राष्ट्रिय हृदय केन्द्रका निर्देशक डा अधिकारीले बताउनुभयो।

दैनिक ३० मिनेट हिँड्ने, हरियो, तरकारी र फलफूल खाने, नुन, चिनी तथा चिल्लो कम खाने, बालबालिकाको घाँटी दुख्दा, टन्सिल बढ्दा तुरुन्त औषधि गराउने, पिरचिन्ता नलिने, कसैसँग नरिसाउने, दैनिक छदेखि आठ घण्टा सुत्नेलगायत क्रियाकलाप गरे मुटुरोगबाट बच्न सकिने उहाँको भनाइ थियो।

कार्यकारी निर्देशक डा अधिकारीका अनुसार अस्पतालमा आएकामध्ये एक हजार छ सय बिरामीको मुटुको शल्यक्रिया गरिन्छ। त्यस्तै एक वर्षमा हृदयघात भएर एक हजार आठ सय मानिस उपचारका लागि आउने गरेका उहाँले जानकारी दिनुभयो।

# बाल सुधारगृहबाट दुई बालकैदी फरार

वीरगन्ज, १२ असोज (रासस)।

वीरगञ्जस्थित बाल सुधारगृहबाट शुक्रबार दुई बाल कैदीबन्दी फरार भएका छन्।

कर्तव्य ज्यान मुद्दाका सर्लाही निवासी अमरकान्त ठाकुर र जबर्जस्ती करणी मुद्दाका सप्तरी निवासी पाण्डव यादव बाल सुधारगृहको छतबाट हामफालेर फरार भएका हुन्।

दुवै अभियुक्तलाई अदालतले दोषी ठहर गरेपछि आचरण सुधारका लागि बाल सुधारमा राखिएको थियो। फरार दुवैजनाको खोजी भइरहेको पर्सा जिल्ला प्रहरी कार्यालयका प्रवक्ता तथा प्रहरी नायब उपरीक्षक कुमारविक्रम थापाले जानकारी दिनुभयो।

क्षमताभन्दा बढी बाल कैदीबन्दी भएकाले मधेस प्रदेशको एकमात्र सुधारमा गृह यतिबेला समस्या सिर्जना भएको छ। न्यून भौतिक पूर्वाधार, बजेटको अभाव, सरकारी उदासिनता र क्षमताभन्दा बढी बालक र किशोरहरू कोचेर राख्नुपर्ने बाध्यताका कारण सुधारगृह समस्यामा परेको हो।

साठी जनाको क्षमता भएको सुधारगृहमा हाल दोब्बरभन्दा बढी एक सय २६ बालक तथा किशोरलाई कोचेर राखिएकाले बालक तथा किशोरहरूमा स्वास्थ्य समस्यासँगै सुधारगृह व्यवस्थापनमा समेत कठिनाइ भइरहेको त्यहाँका प्रमुख टीकाकृष्ण काफ्लेले बताउनुभयो।

ठाउँ अभावका कारण सो गृहमा बालबालिका उकुसमुकुसका साथ दैनिक जिवन बिताउन बाध्य छन्। एउटै कोठाभित्र धेरै जना कोचर बस्नु पर्दा स्थ्यलगायत अन्य समस्या भइरहेको गृहमा रहेकाहरूको गुनासो थियो। धेरै मान्छे कोचाकोच गरी बस्दा अक्सिजनको मात्रा घटेर कतिपयमा खुट्टा सुनिने र श्वासप्रश्वासको समस्या हुने गरेको गृहमा कार्यरत स्टाफनर्स अन्जु कुमारीले बताउनुभयो। "बिरामी पर्नेलाई पहिला हामी गृहभित्रै उपचार गर्छौं", उहाँले भन्नुभयो, "समस्या बढ्दै गएपछि थप उपचारका लागि नारायणी उपक्षेत्रीय अस्पतालमा लैजान्छौं। जाडो याममा भन्दा गर्मी याममा स्वास्थ्य समस्या बढी हुन्छ।"

ठाउँ साँघुरो भएकाले गृहमा रहेका बालक र किशोरलाई चेस, क्यारेमबोर्डलगायत खेलबाहेक अन्य खेल खेल्न कठिनाइ भएको छ। "हामीसँग फुटबल, भलिबललगायत अन्य खेलकुद गर्ने ठाउँ छैन, त्यसैले अहिले चेस, क्यारेमबोर्ड खेलमात्र भइरहेको छ।" हामीले चाहेर पनि ठाउँ नभएर बालक र किशोरहरूलाई फुटबल, भलिबल खेल दिइरहेका छैनौँ", स्टाफनर्स अन्जुले भन्नुभयो।

करिब डेढ कट्ठा जमिनमा फैलिएको सो सुधार गृहमा साना-ठूला गरी ११ कोठा छन्। साना कोठामा १२ देखि १४ र ठूलोमा ३१ जनालाई कोचेर राखिएको छ। कानुनी विवादमा परेर मधेस प्रदेशको पर्साबाट सप्तरीसम्मका अदालतबाट पुर्पक्ष तथा कैद सजायका लागि सो सुधारगृहमा बालक र किशोरहरूलाई पठाइएको छ।

तत्कालीन अनाथालय भवनलाई गत २०७५ साल भदौमा बाल सुधारगृहको रूपमा सञ्चालन गरिएको थियो। सो गृहमा हाल आश्रितमध्ये ४१ जबर्जस्ती करणीका, २० लागुऔषध मुद्दाका, दस सवारी ज्यान मुद्दाका र सात जना अपहरण तथा शरीर बन्धक मुद्दाका छन्। अन्य भने चोरी, कर्तव्य ज्यानलगायत मुद्दाका रहेका छन् । केही बालबालिका भने मानव बेचबिखन तथा ओसारपसार, खोटा चलन, नेपाली नागरिकता उद्योग र बालविवाह मुद्दाका पनि छन्।

बालबालिकाको मुद्दा अधिकतम एक सय २० दिनमा फैसला गरिनुपर्ने व्यवस्था ऐनमा रहे पनि लामो समयसम्म फैसला नहुँदा सुधार गृहमा क्षमताभन्दा बढी बालक तथा किशोर रहेको प्रमुख काफ्लेले बताउनुभयो।

कुल आश्रितमध्ये डेढ दर्जनको मात्रै मुद्दा फैसला भएको र बाँकी पुर्पक्षमै रहेको उहाँको भनाइ थियो । काठमाडौँ र पोखरामा रहेका बाल सुधारगृहमा विद्यालय र अस्पतालको पनि सुविधा भए पनि यो गृहमा त्यस्तो सुविधा नभएकाले समस्या भइरहेको प्रमुख काफ्लेले बताउनुभयो।

सुधारगृहमा रहेका बालक र किशोरको मानसिक र शैक्षिक विकासका लागि भित्रै पुस्तकालय तथा मनोरञ्ज कक्षसमेत सञ्चालन गरिएको जनाइए पनि झन्झटिलो कानुनी व्यवस्थाका कारण गृह सञ्चालनका लागि धेरै निकायसँग समन्वय गर्नुपर्ने बाध्यताले थप समस्या भइरहेको प्रमुख काफ्लेको गुनासो थियो।

सङ्घीय सरकार मातहत रहेको सुधारगृहमा देखिएको समस्या समधानका लागि सरकारले समयमै ध्यान दिनुपर्ने वीरगञ्जका बुद्धिजीवी बेचन साहले जोड दिनुभयो। "बाल सुधारगृह अहिले यातनागृहजस्तै बन्न थालेको छ", उहाँले भन्नुभयो, "यो एकदमै दुःखद् कुरा हो, यसलाई सरकारले गहनरुपले लिनुपर्छ।"


डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

# स्वीट्जरल्याण्डसहित तीन मुलुकसँग द्विपक्षीय हवाई सम्झौताको तयारी

काठमाडौं, १२ असोज (रासस)।

नेपालले अन्तर्राष्ट्रिय हवाई सञ्जाल विस्तार गर्ने क्रममा युरोपेली मुलुक स्वीट्जरल्यान्डसहित तीन मुलुकसँग द्विपक्षीय हवाई सम्झौता गर्ने तयारी गरिरहेको संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले जानकारी दिएको छ।

विश्वका ४० मुलुकसँग द्विपक्षीय हवाई सम्झौता गरेको नेपालले स्वीट्जरल्यान्ड, इन्डोनेसिया र रुवान्डासँग हवाई सम्झौताको तयारी गरेको मन्त्रालयका नागरिक उड्डयन महाशाखा प्रमुख एवं सहसचिव बुद्धिसागर लामिछानेले जानकारी दिनुभयो। तीनवटै मुलुकसँग हवाई सम्झौताका लागि आवश्यक कागजी प्रक्रिया पूरा भइसकेकाले समय र स्थान तय गरेर सम्झौता गरिने उहाँको भनाइ छ।

सहसचिव लामिछानेले भन्नुभयो, "अहिले तीन मुलुक स्वीट्जरल्यान्ड, रुवाण्डा र इन्डोनेसियासँग नयाँ हवाई सम्झौता गर्ने प्रक्रियामा छौं, हवाई सम्झौताको मस्यौदालाई छिट्टै मन्त्रिपरिषद्बाट स्वीकृत गराएर सम्झौताका लागि समय र स्थान तय गरिनेछ।"

क्यानाडाको मोन्ट्रियलमा भएको अन्तर्राष्ट्रिय नागरिक उड्डयन सङ्गठन (आइकाओ)को ४१औँ महासभाका अवसरमा दुई देशबीच प्रारम्भिक हवाई सम्झौताको सैद्धान्तिक सहमति भएको थियो। नेपाल र स्वीट्जरल्यान्डबीच एयर कनेक्टिभिटीका लागि एमओयु भएको र अरू धेरै मुलुकसँग पनि एमओयु पाइपलाइनमा रहेको नेपाल नागरिक उड्डयन प्राधिकरणले जनाएको छ।

द्विपक्षीय हवाई सम्झौता अन्तर्राष्ट्रिय कूटनीतिको महत्वपूर्ण अङ्ग पनि भएकाले यसलाई क्रमशः विस्तार गर्दै लाने सरकारको नीति छ। हवाई सम्झौता नेपालको गौरवसँग जोडिएको विषय पनि हो।

मन्त्रालयका सहसचिव लामिछानेले नेपालले विभिन्न मुलुकसँग गरेका सम्झौताका माध्यमबाट ती मुलुकबीच संरचनागत सम्बन्ध कायम हुने तथा द्विपक्षीय सम्बन्धलाई थप प्रगाढ तुल्याउने विश्वास व्यक्त गर्नुभयो। आइकाओको मापदण्डअनुरुप दुई मुलुकबीचको हितमा रहेर द्विपक्षीय हवाई सम्झौता गरिन्छ।

सहसचिव लामिछानेले कुवेत र युएईको पुरानो हवाई सम्झौता समीक्षा गर्न लागिएको पनि जानकारी दिनुभयो। "कुवेत र युएईको पुरानो हवाई सम्झौता समीक्षा गर्न उनीहरुबाटै माग भई आएकाले नेपालले पनि त्यसलाई स्वीकार गरी काम सुरु भएको छ", उहाँले भन्नुभयो।

नेपालले हाल ४० देश र युरोपेली सङ्घ (ईयु) गरी ४१ मुलुकसँग द्विपक्षीय हवाई सम्झौता गरेको छ। तीमध्ये २० भन्दाबढी गन्तव्यमा अन्तर्राष्ट्रिय उडान भइरहेको छ। सरकारले पछिल्लो पटक अष्ट्रेलियासँग हवाई सेवा सम्झौता गरेको थियो।

सरकारले चालु आर्थिक वर्ष २०८०/८१ को नीति तथा कार्यक्रममा नयाँ मुलुकसँग हवाई सेवा सम्झौता गर्ने घोषणा गरेको छ। मुलुकमा निर्माण सम्पन्न भएका अन्तर्राष्ट्रिय विमानस्थललाई पूर्णक्षमतामा उपयोग गर्न नयाँ मुलुकसँग हवाई सम्झौता गरिने उल्लेख छ। सरकारले नयाँ मुलुकसँग हवाई सम्झौता गरी नेपाली वायुसेवा कम्पनीको अन्तर्राष्ट्रिय बजार विस्तार गर्ने नीति लिएको छ।

नेपालले मध्यपूर्वी एशियाली मुलुक इन्डोनेसियासँग पनि छिट्टै हवाई सेवा सम्झौता गर्नेगरी तयारी गरेको छ। दुई मुलुकबीच हवाई सम्झौताको अन्तिम तयारी भइरहेको पर्यटन मन्त्रालयले जनाएको छ। इन्डोनेसिया-नेपाल दुईतर्फी उडानका लागि मन्त्रालयले आधिकारिक जिएसए तोकिसकेको छ। इन्डोनेसियाको गरुडा एयरका लागि नेपालको सोसाइटी इन्टरनेशनल आधिकारिक जिएसए रहेको छ। आगामी वर्षदेखि गरुडा एयरको जिएसए व्यवस्थापन गरिने सोसाइटी ट्राभलका सञ्चालन प्रमुख संगीता रौनियारले बताउनुभयो। यस्तै अफ्रिकी मुलुक रुवान्डासँग पनि नेपालले हवाई सम्झौतामार्फत दुई देशबीचको सम्पर्क विस्तार गर्न लागेको मन्त्रालयको भनाइ छ।

**के छ हवाई सम्झौताको महत्व ?**

नेपालले अन्य मुलुकसँग द्विपक्षीय हवाई सम्झौता गर्दा अन्तर्राष्ट्रिय सम्पर्क सञ्जाल विस्तारका साथै दुई देशबीचको कूटनीतिक सम्बन्धलाई बलियो बनाउन मद्दत पुग्ने सहसचिव लामिछानेले बताउनुभयो। उहाँले भन्नुभयो, "नेपालले कुन-कुन मुलुकसँग हवाई सम्झौता गरेको छ भन्ने विषयको अन्तर्राष्ट्रिय महत्व हुन्छ। कतिपय मुलुकले सिधा उडान गर्न सक्छन्। सम्बन्धित मुलुकमा 'कोर्ड सेयरिङ'का एयरलाइन्समार्फत पनि सहज हवाई उडान हुने भएकाले हवाई सम्झौता हुनु भनेको राम्रो कुरा हो।"

**तीस एयरलाइन्सको अन्तर्राष्ट्रिय उडान**

नेपाल नागरिक उड्डयन प्राधिकरणका अनुसार हाल नेपालमा तीन वटा नेपालीसहित ३० वायुसेवा कम्पनीले अन्तर्राष्ट्रिय उडान गर्दै आएका छन्। नेपालको राष्ट्रिय ध्वजावाहक नेपाल वायुसेवा निगम (नेपाल एयरलाइन्स), हिमालय एयरलाइन्स र बुद्ध एयरले अन्तर्राष्ट्रिय उडान गर्दै आएका छन्।

अन्तर्राष्ट्रिय वायुसेवा कम्पनी एयर इण्डिया, इन्डिगो एयर, एयर चाइना, चाइना इस्टर्न, चाइना साउदर्न, सिचुवान एयरलाइन्स, तिब्बत एयरलाइन्स, भूटान एयरलाइन्स, विमान बङ्गलादेश र ड्रुक एयरले उडान गर्दै आएका छन्।

त्यस्तै, क्याथे प्यासिफिक, भिस्तारा, जजीरा एयरवेज, कोरियन एयरलाइन्स, श्रीलङ्कन एयरलाइन्स, टर्किस एयरलाइन्स, कतार एयरवेज, सिङ्गापुर एयरलाइन्स, एयर अरेबिया अबुदाबी, मलेसिया एयरलाइन्स, कुवेत एयरवेज, मालिन्दो एयर, सलाम एयर, थाई लाइन, थाई स्माइल एयरलाइन्सलगायत अन्तर्राष्ट्रिय वायुसेवा कम्पनीले विभिन्न ट्रान्जिट हुँदै नेपाल-अमेरिका उडान सेवा दिँदै आएका छन्।


## बालविवाह विरुद्ध अपील
## "बालविवाह जिन्दगी तबाह"

**बालविवाह के हो ?**

महिला र पुरुषका बीचमा पतिपत्नीको सम्बन्ध कायम गराउने धार्मिक, सामाजिक कार्यलाई विवाह भनिन्छ। विवाह गर्न उपयुक्त भनि तोकिएको उमेर भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ। नेपालमा कानुनतः विवाह गर्ने उमेर २० बर्ष तोकिएको छ। त्यसैले २० वर्ष भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ। शारीरिक र मानसिक रुपमा परिपक्व नभई विवाह गर्नु र सन्तान जन्माउँदा विविध समस्या आउन सक्ने भएकोले विवाहका लागिउमेरको हदबन्दी तोकिएको हो।

**बालविवाहले निम्त्याउने समस्या यस्ता छन :**

१. शारीरिक तथा मानसिक रोगको शिकार हुने।
२. बालविवाहपछि स्वास्थ्यमा गम्भीर असर पर्ने जस्तै आङ्ग खस्ने, फिस्टुला हुने, आमा तथा शिशुको मृत्यु हुने
३. बालविवाहपछि बालबालिकाले शिक्षाबाट वञ्चित हुने।
४. घरेलु हिंसाको शिकार हुने र हिंसा सहन बाध्य हुने, कामको बोझ बोक्नु पर्ने
५. कमै उमेरमा सन्तान जन्माउँदा आमा तथा शिशुको मृत्यु हुने जोखिम उच्च हुने। अपाङ्गता भएका सन्तान जन्मन सक्ने।
६. विवाहपछि बालबालिकाको पढाइ बिग्रिने, बिरामी हुने, छिटो विवाह गर्दा छिटो बच्चा जन्मने, बालबालिकाको मानसिक शक्तिको विकास हुनबाट वञ्चित हुने।
७. आफ्नो शरीर र जीवनको बारेमा निर्णय गर्न सक्ने क्षमता नहुने।
८. व्यवहारिक कुरा बुझ्नन पाउँदै जीवन बर्बाद हुन सक्ने, यौनांगलाई हानी हुन सक्ने र परिवार चलाउन गाह्रो हुने।

*बालविवाह, बालअधिकार, महिलाअधिकार, मानवअधिकारको हननमात्रै होइन, विकास र समृद्धिको बाधक पनि हो। तसर्थ बालविवाह नगरौं नगराऔं।*

**बालविवाह सम्बन्धी कानुनी व्यवस्था :**

मुलुकी अपराध (संहिता) ऐन २०७४ को दफा १७३ मा बालविवाह गर्न नहुने भनी स्पष्ट व्यवस्था गरेको छ। यसैगरि सोहि दफाको उपदफा (१) ले बिवाह गर्ने व्यक्तिको उमेर निर्धारण गरेको छ। जस अनुसार २० बर्ष नपुगी कसैले बालविवाह गर्न वा गराउन हुदैन भन्ने व्यवस्था गरेको छ। उपदफा १ विपरित भएको बिवाह स्वतःबदर योग्य हुने छ। यसैगरि उपदफा (३) मा कसुर गर्ने व्यक्तिलाई ३ बर्षसम्म कैद र ३० हजारसम्म जरिवाना हुने भनिएको छ। बालविवाह भएको ३ महिना भित्र उजुरी गरिसक्नु पर्ने व्यवस्था कानूनले गरेको छ। तसर्थ, बालविवाहले बालबालिका मात्रै नभई परिवार, समाज र राष्ट्रलाई समेत गम्भीर असर गर्ने हुँदा बालविवाह नगरौं नगराऔं। बालविवाह रोक्न आजैदेखि पहल गरौं।

अनुरोधकर्ता

**अगिनसाइर कृष्णासवरण गाउँ कार्यपालिकाको कार्यालय, सितापुर, सप्तरी**


## विश्व समाचार

### अमेरिका जान इजरायलीले भिसा लिनु नपर्ने

वासिङ्टन, १२ असोज (रासस/एपी)।

इजरायलले प्यालेस्टिनी र अरब अमेरिकीविरुद्धको यात्रा प्रतिबन्ध फिर्ता लिएसँगै अमेरिकाले पनि इजरायलीरूलाई भिसा (प्रवेशाज्ञा) बिना संयुक्त राज्य अमेरिकामा प्रवेश दिने घोषणा गरेको छ। आगामी नोभेम्बर ३० देखि लागू हुने यो व्यवस्थाअनुसार व्यापार र भ्रमण गर्न चाहने इजरायली नागरिकलाई तीन महिनासम्म अमेरिकामा बस्ने अनुमति प्राप्त हुनेछ तर निजले अमेरिका प्रवेश गर्नुअगावै आफ्नो भ्रमणको अभिलेख अध्यागमन विभागमा दर्ता गराउनुपर्नेछ।

'असामाजिक एवं गैरकानुनी गतिविधि गर्नसक्ने ठानेर अमेरिकी अध्यागमन अधिकारीले निजलाई प्रवेशमा रोकसमेत लगाउन सक्नेछ,' अध्यागमन अधिकारीलाई दिइएको अधिकारको एक बुँदामा भनिएको छ। होमल्याण्ड सेक्युरिटीले निर्धारण गरेका पूर्वसर्तको पालना नभएमा इजरायलीले प्रवेशाज्ञा (भिसा) पाउने छैनन्। बाइडेन प्रशासनको यो घोषणाबाट इजरायलले अमेरिकामा प्रतिष्ठित स्थान प्राप्त गरेको छ। संसारका एक सय ९३ भन्दा बढी मुलुकमध्ये करिब ४० देशलाई मात्र अमेरिकाले 'भिसा लिनुनपर्ने'सुविधा र सम्मान दिएको छ। बाइडेन प्रशासनले वासिङ्टन, जेरुसेलम र रियादबीच चलिरहेको त्रिदेशीय वार्ताको परिणामका रूपमा पनि लिइएको छ। अब इजरायलले प्यालेस्टिनीहरूसँग राम्रो व्यवहार गर्ने अपेक्षा गरिएको छभने इजरायलमा साउदी लगानी बढ्ने आशा गरिएको छ। अमेरिकी मध्यस्थतामा साउदी र इजरायलबीचको सम्बन्ध सामान्य बन्दै गएको छ। गत साता साउदी अरबको एउटा उच्चस्तरीय टोली प्यालेष्टिनी क्षेत्रमा पुगेर त्यहाँको वस्तुस्थितिबारे जानकारी लिएको थियो। "भिसा छूट कार्यक्रममा इजरायललाई सहभागी गराउनु हाम्रो साझा सुरक्षा चासो हो, यसले हाम्रा दुई देशबीचको घनिष्ठ सहयोग र सहकार्यलाई प्रतिबिम्बित गरको छ," होमल्याण्ड सुरक्षा सचिव अलेजान्ड्रो मेयोर्कासले एक वक्तव्यमा भन्नुभएको छ - "यसले संयुक्त राज्य अमेरिका र इजरायल बीचको एक दशकभन्दा बढीको काम र समन्वयलाई प्रतिनिधित्व गर्दछ, यसले आतङ्कवाद विरोधी सहकार्य, कानून प्रवर्तन र हाम्रा अन्य साझा प्राथमिकताका क्षेत्रमा मिलेर काम गर्न प्रेरणा दिएको छ।"

इजरायलका प्रधानमन्त्री बेन्यामिन नेतान्याहुले अमेरिकी निर्णयको स्वागत गर्नुभएको छ। अमेरिकाका लागि इजरायलका राजदूत माइकल हर्जोगले पनि अमेरिकी घोषणालाई दुई देशबीचको सम्बन्धमा महत्वपूर्ण उपलब्धि भन्दै त्यसको प्रशंसा गर्नुभएको छ। "यसले हाम्रो विशेष सम्बन्धलाई झल्काएको छ, जसले जनस्तको सम्बन्धलाई अझ प्रगाढ बनाउनेछ," सामाजिकस सञ्जाल एक्समा उहाँले लेख्नुभएको छ। यसैबीच, केही अमेरिकी सांसदले बिना भिसा इजरायलीलाई अमेरिकामा प्रवेश गर्न दिने बाइडेन प्रशासनको आलोचना गरेका छन्। उनीहरूले प्यालेष्टिनीमाथिको व्यवहार इजरायलले नसच्याएको दाबी गरेका छन्।

### मोन्टेभिडियोमा चार सय जलचरको बर्ड फ्लूबाट मृत्यु

मोन्टेभिडियो, १२ असोज (रासस/एएफपी)।

बर्ड फ्लू लागेर उरुग्वेको समुद्री तटमा चार सयभन्दा बढी सिल र सि लायन मरेका अधिकारीहरूले बताएका छन्। मोन्टेभिडियोको समुद्री किनारमा सि लायनलाई बर्ड फ्लू लागेको यकिन भएपछि सम्बन्धित मन्त्रालयहरूले निगरानी गरिरहेका छन्। सरकारी अधिकारीहरूका अनुसार मरेका समुद्री जनावरहरू आन्ध्र महासागरको किनारमा फेला देखा परेका तथा तिनबाट भाइरसको फैलावट हुन नदिन तीन सय ५० वटालाई गाडिएको छ। वातावरण मन्त्रालयका जीवजन्तु विभागका प्रमुख कार्मेन लीजागोयेनले बर्ड फ्लूका कारण जलचर मरेका बताउनुभएको छ। उहाँले रोग नियन्त्रण गर्न नसकिने बताउँदै जलजीवको प्रतिरोधात्मक क्षमता विकास भएपछि ती नमर्ने उहाँले एएफपीलाई बताउनुभयो। ती जलचरमा प्रतिरोधात्मक क्षमता विकास कहिलेसम्ममा भइसक्छ भन्न नसकिने पनि उहाँले उल्लेख गर्नुभयो। उरुग्वेमा तीन लाख १५ हजार सिल र सि लायन रहेका अनुमान गरिएको छ। जनावरहरूबाट मानवमा बर्ड फ्लू नसर्ने पनि विभाग प्रमुख लीजागोयेनले समुद्र तटमा नजान सर्वसधारणलाई आग्रह गर्नुभएको छ।

### इन्धन डिपो विष्फोटमा एक सय सत्तरी जना हताहत

येरेभान, १२ असोज (रासस/एएफपी)।

नागोर्नो-काराबाखको इन्धन डिपोमा भएको विष्फोटमा परी ज्यान गुमाउनेको सङ्ख्या एक सय ७० पुगेको काराबाख क्षेत्रका अधिकारीहरूले शुक्रबार घोषणा गरेका छन्। अजरबैजानी सैन्य आक्रमणबाट ज्यान जोगाउन भागेका तथा कैयौं दिनपछि खुलेको इन्धन डिपोमा तेल किन्न गएका आर्मेनियालीहरूको विष्फोटमा मृत्यु भएको हो। आफ्नो मोटरमा तेल भरेर गन्तव्यतर्फ हिँडेका उनीहरूको जीवन इन्धन डिपोमा नै समाप्त भयो। नागोर्नो-काराबाख क्षेत्रका पृथकतावादी लडाकुहरूलाई निःशस्त्र गर्ने र अजरबैजानसँग एकीकरण गर्ने घोषणा गरेको भोलिपल्ट भएको विष्फोटमा ६८ जनाले ज्यान गुमाएका तथा अन्य दुई सय जना घाइते भएका सरकारी अधिकारीले बताएका थिए। काराबाख अधिकारीहरूका अनुसार कैयौंको शव पहिचान गर्नसक्ने अवस्थामा नरहेकाले ती आर्मेनियाको फोरेन्सिक मेडिकल जाँच ब्यूरोलाई हस्तान्तरण गरिएको छ।

# संरक्षणको पर्खाइमा हनुमान मन्दिर



**दैनिक समाचारदाता**
**राजविराज, १२ असोज ।**

राजविराजस्थित चार दशक पुरानो हनुमान मन्दिर जीर्ण अवस्थामा पुगेको छ । आवश्यक संरक्षण तथा मर्मतसम्भारको अभावमा मन्दिर जिर्ण अवस्थामा पुगेको हो ।

राजविराज नगरपालिका कार्यालयको छेउमा तथा खेलकुद विकास समिति सप्तरीको परिसर भित्र रहेको उक्त मन्दिर संरक्षणको अभावमा जीर्ण भई भत्किने अवस्थामा पुगेको छ ।

बि.स. २०४१ सालमा राजविराज १ निवासी कैलाश राम गुप्ताको लगानीमा उक्त मन्दिर निर्माण भएको मूल पुजारी राधाकान्त झाले बताए । मन्दिर निर्माण भए यता हाल सम्म मर्मत सम्भारको काम हुन न सक्दा अहिले ठाउँ ठाउँमा मन्दिर भवन चर्किएको छ ।

वर्षाका बेला मन्दिर भित्र पानी चुहिएर जलमग्न हुने गरेको उनले बताए । सुरुमा मन्दिर निर्माणकर्ता दाता परिवारले चासो देखाएपनि हाल खासै वास्ता नगरेको र पूजापाठ गर्न भक्तजनलाई पनि समस्या हुने गरेको मूलपुजारी झाले सुनाए ।

मन्दिरको दयनिय अवस्थाबारे नगरपालिकाका जिम्मेवार अधिकारीहरुलाई गुहारे पनि आश्वासन बाहेक केही पाउन नसकिएको उनले दुखेसो पोखे । आवश्यक मर्मत सम्भारको अभावमा कुनै वेला पनि चर्किएको छानो भत्किएर झर्ने सम्भावना रहेको भन्दै उनले सहयोगका लागी सबैसँग आग्रह गरेका छन् ।

# आन्दोलन फिर्ता लिन चिकित्सकलाई स्वास्थ्यमन्त्रीको आग्रह

काठमाडौँ, १२ असोज (रासस) ।

स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री मोहनबहादुर बस्नेतले चिकित्सकहरुलाई आन्दोलन फिर्ता लिन आग्रह गर्नुभएको छ । चिकित्सक र स्वास्थ्यकर्मीमाथि पटक-पटक भएका दुर्व्यवहारका घटनामा संलग्नलाई कारबाही गर्न सरकार प्रतिबद्ध रहेको उहाँको भनाइ छ ।

शुक्रबार शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिको शुक्रबारको बैठकमा मन्त्री बस्नेतले चिकित्सकलाई आन्दोलन स्थगित गरी काममा फर्कन अनुरोध गर्नुभयो । उहाँले पछिल्लो समय चार वटा अस्पतालमा भएका घटनाबारे अनुसन्धान भइरहेको पनि जानकारी दिनुभयो । चिकित्सकहरुलाई सुरक्षाको प्रत्याभूतिको सरकारले दिनेमा उहाँले प्रतिबद्धता जनाउनुभयो ।

"यो समस्याको दीर्घकालीन समाधानका लागि सरकार गम्भीर छ । पछिल्ला चार वटा घटनाको छानबिन र कारबाहीको काम गृह मन्त्रालयले अघि बढाइसकेको छ । आन्दोलन फिर्ता लिएर सेवामा फर्किन अनुरोध छ", उहाँले भन्नुभयो ।

मन्त्री बस्नेतले स्वास्थ्य क्षेत्रका अधिकांश समस्या समाधानका लागि दरबन्दी थप्ने काम अघि बढेको पनि जानकारी दिनुभयो । "अहिले देखिएका अधिकांश समस्याका पछाडि कम दरबन्दी हुनु पनि हो, दरबन्दी थप्ने काम भइरहेको छ", उहाँले भन्नुभयो, "चिकित्सक र स्वास्थ्यकर्मीको दरबन्दी थप्न प्रधानमन्त्री सकारात्मक हुनुहुन्छ ।"

शुक्रबारको बैठकमा गृह मन्त्रालयका सचिव दिनेश भट्टले आन्दोलनरत आवासीय चिकित्सकलाई आन्दोलनको कार्यक्रम फिर्ता लिएर काममा फर्कन आग्रह गर्नुभयो । उहाँले भन्नुभयो, "घटनामा संलग्नलाई कारबाही गर्न मन्त्रालय सुरक्षा प्रशासन प्रयत्नशील छ । आन्दोलनले आमनागरिकमा पर्न गएको समस्याप्रति संवेदनशील बन्न आग्रह गर्दछु ।"

आन्दोलनरत आवासीय चिकित्सकहरुले आफ्नो सुरक्षाका लागि सडकमा उत्रन बाध्य भएको बताउनुभयो । उहाँहरुले मणिपाल शिक्षण अस्पतालमा भएको घटनामा संलग्नलाई तत्काल काबाहीको माग राख्नुभयो ।

समितिका अधिकांश सदस्यले समस्याको दीर्घकालीन समाधान खोज्नेतर्फ जोड दिनुभएको थियो । समिति सभापति भानुभक्त जोशीले चिकित्सकमाथि भएको दुर्व्यवहारको स्थलगत अध्ययन गरेर दीर्घकालीन समाधान खोज्ने बताउनुभयो ।

# चिकित्सकमाथि दुर्व्यवहार गर्नेलाई कारबाही गर्न सरकारलाई समितिको निर्देशन

काठमाडौँ, १३ असोज (रासस) ।

शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिले चिकित्सकमाथि दुर्व्यवहारमा संलग्नलाई कारबाही गर्न सरकारलाई निर्देशन दिएको छ ।

समितिको शुक्रबारको बैठकमा समितिका सभापति भानुभक्त जोशीले स्वास्थ्य क्षेत्रलाई मर्यादित, सुरक्षित, हिंसा र भयमुक्त एवं मैत्रीपूर्ण बनाई निर्वाध सेवा प्रवाहको वातावरण तयार गर्न सम्बन्धित निकायलाई निर्देशन दिनुभयो ।

"चिकित्सकमाथि हुने यस्तो घटनाप्रति खेद प्रकट गर्दछौँ", समितिको निर्णयमा भनिएको छ, "दोषीउपर कारबाही गर्न र सार्वजनिक सरोकारको स्वास्थ्य क्षेत्रलाई मर्यादित बनाउनसम्बन्धित निकायलाई निर्देशन दिइएको छ ।" समितिका सभापति जोशीले चिकित्सक एवं स्वास्थ्यकर्मीमाथि बढ्दो आक्रमण र दुर्व्यवहारका घटनाप्रति ध्यानाकर्षण भएको बताउनुभयो ।

बैठकले चिकित्सक एवं स्वास्थ्य क्षेत्रसँग सम्बन्धित समस्याको समाधान वार्ताबाट गर्न सुझाव दिएको छ । समितिले चिकित्सकहरु पेसागत क्षेत्रमा नियमित हुने वातावरण सिर्जना गर्न स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयलाई निर्देशन दिएको छ । यस्तै स्वास्थ्य क्षेत्रसँग सम्बन्धित समस्या समाधान गर्न उपसमिति तथा अध्ययन कार्यदल गठन गर्न समितिले निर्देशन दिएको छ ।

समिति बैठकमा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री मोहनबहादुर बस्नेत, गृह मन्त्रालयका सचिव, नेपाल मेडिकल काउन्सिल, नेपाल दन्त चिकित्सक सङ्घ, नेपाल सरकारी चिकित्सक सङ्घ, पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान, राष्ट्रिय आवासीय चिकित्सक सङ्घ, नेपाल नर्सिङ काउन्सिल, नेपाल नर्सिङ परिषद्लगायतका सरोकारवाला सङ्घसंस्थाको प्रतिनिधिको उपस्थिति थियो ।

मन्त्री बस्नेतले चिकित्सकमाथि भएको दुर्व्यवहार एवं अनपेक्षित घटनाबारे दुःख व्यक्त गर्नुभयो । बैठकमा गृह मन्त्रालयका सचिव दिनेश भट्टराईले चिकित्सकहरुलाई आन्दोलन फिर्ता लिन आग्रह गर्नुभएको थियो । सचिव भट्टराईले दुर्व्यवहारका घटना भएका अस्पतालमा सुरक्षाको व्यवस्था मिलाइएको र संलग्नलाई कारबाहीको प्रक्रिया अघि बढाइएको जानकारी दिनुभयो ।

बैठकमा आवासीय चिकित्सकलेहरुले हेटौँडा, बुटवल, लमजुङ, मणिपाल कलेज पोखरा, विराटनगर, बगौडा अस्पताल, चितवन र पाटनलगायतका अस्पतालका चिकित्सक तथा स्वास्थ्यकर्मीमाथि भएको दुर्व्यवहारमा संलग्नलाई तत्काल कारबाही गर्न माग राख्नुभयो । मणिपुर शिक्षण अस्पतालमा रहेका राजनीतिक दलका भातृ सङ्गठन हटाउन र चिकित्सकको शान्तिसुरक्षा र सुविधाको प्रत्याभूतिको माग गरिएको थियो ।

नेपाल चिकित्सक सङ्घका अध्यक्ष डा अनिल विक्रम कार्कीले सरकारले चिकित्सकको सुरक्षाको प्रत्याभूति दिलाउनुपर्नेमा जोड दिनुभयो । सरकारी चिकित्सक सङ्घका अध्यक्ष डा समाज गौतमले दोषीलाई कारबाहीको माग गर्नुभयो ।

बैठकमा समितिका अधिकांश सदस्यले चिकित्सक एवं स्वास्थ्यकर्मीको समस्यालाई दीर्घकालीन समाधान दिन दृढ राजनीतिक सङ्कल्प आवश्यकता भएको बताउनुभएको थियो ।


## मैथिली विकिमिडियन्स

राजविराज, सप्तरी

**कर्मचारी आवश्यकता**

**पहिलो पटक प्रकाशित सूचना मितिः २०८०/०६/११ गते**

यस मैथिली विकिमिडियन्समा तपसिल बमोजिमको कर्मचारी आवश्यकता भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र तोकिएको कागजातसहित दरखास्त दिनहुन यो सूचना प्रकाशित गरिएको छ ।

| क.सं. | विज्ञापन नं. | पद | माग संख्या |
|---|---|---|---|
| १ | १/२०८०/०८१ | असिस्टेन्ट इभेन्ट म्यानेजर | १ (एक) जना |

**आवश्यक न्यूनतम योग्यताः**
१.कुनै पनि विधामा स्नातक तह उत्तीर्ण गरेको हुनुपर्ने ।
२.अङ्ग्रेजी भाषामा लेखपढ गर्नसक्ने ।
३.गुगल सुट (गुगलका विभिन्न उत्पादहरू जस्तै- जिमेल, गुगल डक्स, गुगल सिट, गुगल ड्राइभ आदि) को बारेमा राम्रो ज्ञान भएको ।
४.सामाजिक सञ्जालको प्रयोग सम्बन्धमा ज्ञान शिप भएको ।
५.महिलालाई विशेष प्राथमिकता दिइनेछ ।

**परीक्षाको किसिमः** कम्प्युटर ज्ञान तथा भाषा परिक्षण र अन्तर्वार्ता ।
**तलब स्केलः** संस्थाको नियमानुसार ।
**संलग्न गर्नुपर्ने कागजातहरूः**
१.पासपोर्ट साइजको फोटो र नेपाली नागरिकताको छाँया प्रति ।
२.शैक्षिक योग्यताको प्रमाणपत्रहरूको छाँया प्रति ।
३.बायोडाटा ।

विज्ञापन सम्बन्धी थप जानकारीको लिनको लागि +९७७-९८०१५१५०१५मा सम्पर्क गर्नुहोला । कर्मचारी भर्ना सम्बन्धी अन्तिम निर्णय संस्थामा निहित हुनेछ ।

## डा. कालीप्रसाद यादव

MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203

**कन्सलटेन्ट फिजिसियन**

मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग

**हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज**

## डा. रिपला आचार्य

MBBS, MD (BPKIHS) NMC NO. 19992

**छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ**

**डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी**

यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ ।

**सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी**

**हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८१९८७**



## विभिन्न विपद्को समयमा सतर्क रहौं

**चट्याङको समयमा**

१. बिजुली चम्केको बेला सतर्क रहने ।
२. बिद्युतीय तरंग टिप्न सक्ने फलाम, चिसो बस्तु नछुने ।
३. बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने ।
४. सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुख्खा ठाउँमा बस्ने ।
५. खुला ठाउँमा भए कुनै घर अथवा भवनमा छिर्ने ।
६. सकभर अग्लो स्थानमा बस्ने ।
७. धातुको ह्याण्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने ।

**भुकम्पको समयमा**

१. भुकम्प आएको बेला सतर्क रहने ।
२. घरबाहिरको सुरक्षित स्थानमा पुग्न नभ्याइने हुनसक्छ । तुरुन्तै खाट, टेबुल, ढोकामुनी तथा घरभित्रकै अन्य सुरक्षित स्थानमा बस्ने ।
३. अग्ला र कमजोर घर बिजुलीका खम्बा, ट्रान्सफर्मर, रुख तथा अन्य संरचनाहरु ढल्न सक्ने हुँदा त्यसबाट बच्ने ।
४. भुईचालो थामिए पनि फेरि दोहरीन सक्ने हुँदा परिवारका सदस्य, मुल्यवान बस्तु संकटकालिन झोला आदी लिएर सुरक्षित स्थानमा निस्कने र उद्दार कार्यमा जुट्ने ।
५. उपचारको ब्यवस्था तत्कालिन राहत तथा उद्दार कार्यमा थप सहयोगका लागि भुईचालोबाट क्षतिको सम्बन्धीत निकायमा तुरुन्त खबर गर्ने ।

**आगलागिको समयमा**

१. आगलागिको बेला सतर्क रहने ।
२ आगलागि नियन्त्रणको लागि घर बनाउँदा, बिद्युतीय वायरिङ गर्दा, भान्सा बनाउँदा, ग्यास, सलाई लाइटर चलाउँदा, चुरोट तान्दा, धुपबत्ति बाल्दा ध्यान पुऱ्याउने ।
३. आगलागि नियन्त्रणको लागि चाहिने अग्निसमय Fire Extinguisher लगायतका आवश्यक संसाधनहरु तयारी अवस्थामा राख्ने ।
४. भवन वा अन्य भौतिक संरचना निर्माणमा उपयुक्त स्थलगत योजना तयार गरी गुणस्तरीय निर्माण सामाग्रिको प्रयोग गर्ने ।
५.आगलागिका सम्भावित क्षेत्रमा क्षति न्युनिकरण गर्नको लागि जोखिम क्षेत्रको नक्साङकन गरी सामाजिक जनचैतना अभिबृद्धि गर्ने ।

**आकस्मिक सम्पर्क नम्बर : जिल्ला आपतकालिन कार्य संचालन केन्द्र सप्तरी -०३१५३३७६२**

**जनहीतका लागि जारि सन्देश : राजविराज दैनिक**


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : rajbirajdainik@gmail.com, **वेवसाइट** : rajbirajdainik.com.np